राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३४ २०८२ भदौ ६ गते शुक्रवार (22 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## क्षीरेश्वर नगरपालिकामा बजार ठेक्का वितरणमा अनियमितताको आरोप



दैनिक समाचारदाता

जनकपुरधाम ,५ भदौ । धनुषाको क्षीरेश्वर नगरपालिका महेन्द्रनगरद्दारा वडा नं ५को वजार ठेक्का लगाउने विषयमा अनियमितता भएको आरोप लगाइएको छ ।

सो नगरपालिकाद्दारा प्रक्रियापुरा नगरी कानूनीरुपमा ठेक्का नपरेको व्यक्तिलाई गैरकानूनीरुपमा ठेक्का वितरण गरिएको आज महेन्द्रनगर आयोजित पत्रकार समम्मेलनमार्फत जानकारी गराइएको हो । क्षिरेश्वर नगरपालिका वडानं ६ का हरिप्रसाद राउतले पत्रकार सम्मेलन मार्फत सो ठेक्का वितरणमा अनियमितता भएकोले खारेजगर्न माँग गरेको छ ।

महेन्द्रनगर चोकको वजारको लागि नगरपालिकाले रु आठ लाख ७७ हजारको ठेक्का आवाहन गरेको थियो । त्यो ठेक्का पाउन तीन जनाले रु एक हजारको शुल्क सहित कानूनी प्रक्रिया अनुसार ठेक्का पाउन निवेदन गरेको थियो । तर तोकिएको समय भित्र ठेक्का पाउने निवेदन अर्थात रसिद सहित गोप्य सिलवन्दी नगरेको व्यक्तिलाई सो कार्यालयले ठेक्का दिने घोषणा गरेकोमा उहाँले सो विरोध जनाएको छ ।

सो नगरपालिकाको कार्यालयले ठेक्का आवाहन गरेको १५ दिनभित्र नगदी रसिद तथा ठेक्का कवोल रकमको ५ प्रतिशत रकम वाणिज्य वैकमा जम्मा गर्नुपर्ने तथा त्यसको भौचर तथा रसिदसहित नगरपालिकामा गोप्य सिलवन्दी गनुपर्ने प्रावधान राखिएको थियो । तर सो नगरपालिकाले त्यो प्रक्रिया पुरानगरी रामशरण यादवलाई रु १० लाख ५५ हजारमा ठेक्का दिएकोमा पिडित राउतले विरोध जनाएको छ । साथै उहाँले नगरपालिकाले न्यायोचित रुपमा मलाई ठेक्का नदिएमा अख्तियार दुरुपयोग अनुसंधान आयोग तथा जिल्ला प्रशासन कार्यालय धनुषामा कार्यवाहीका लागि उजुरीदिने वताउँनुभयो । उहाँले पनि ठेक्काका लागि निवेदन गरेको थियो । कानूनी प्रक्रिया अनुसार ठेक्का राउतको हुने दावी गरिएको छ । उक्त विषयमा सो कार्यालयका प्रशासकीय अधिकृत रामउद्गार अधिकारीसँग सर्म्पक गर्नखोज्दा सर्म्पक हुन सकेन ।

## सुनचाँदीको मूल्यमा सामान्य वृद्धि

दैनिक समाचारदाता

काठमाडौं, ५ भदौ । स्थानीय बजारमा बुधबारको तुलनामा आज सुनचाँदीको मूल्यमा सामान्य वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज एक तोला सुनको मूल्य रु एक लाख ९४ हजार ८०० निर्धारण भएको छ । त्यति नै परिमाणको चाँदी रु दुई हजार २९० मा खरिदबिक्री भइरहेको छ । बुधबार एक तोला सुन रु एक लाख ९३ हजार ५०० मा किनबेच भएको थियो भने त्यति नै परिमाणको चाँदी रु दुई हजार २५५ मा क्रयविक्रय भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज प्रति औँस सुन तीन हजार ३३८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

# देशभर फैलिँदै जसपा नेपालको आन्दोलन

दैनिक समाचारदाता

जनकपुरधाम, ५ भदौ । गौर काण्डको विषय पुनः तातिन थालेपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवविरुद्ध सरकारले योजनाबद्ध रुपमा फसाउन खोजेको आरोपसहित सुरु भएको आन्दोलन चौथो दिन पनि देशभर विरोध प्रदर्शन गरेको छ । आन्दोलन अब केवल मधेशसम्म सीमित छैन; राजधानी काठमाडौंदेखि तराई(मधेशका विभिन्न जिल्लासम्म यसको लहर फैलिइरहेको छ ।

अहिलेसम्मको आन्दोलन शान्तिपूर्ण तर प्रभावकारी रहेको जसपा नेपालका नेताहरूले बताएका छन् । तर यदि सरकार र न्यायालयले उचित ध्यान नदिए आन्दोलनलाई अझै तिव्र बनाइने चेतावनी दिइएको छ ।

जनकपुरमा आयोजित आमसभामालाई सम्बोधन गर्दै जसपा नेताहरुले भने, “यो केवल उपेन्द्र यादवको मुद्दा होइन। यो मधेशको सम्मान र अस्तित्वको प्रश्न हो । सरकार सजग नभए आन्दोलन अझै व्यापक बनाइनेछ ।”

आमसभालाई प्रदेश साँसद रामअशिष यादव, जिल्ला अध्यक्ष पशुपति यादव, जसपा नेता जितेन्द्र यादव, विष्णु साह, रामशंकर पासमान सहितले सम्बोधन गरेका थिए ।

सर्वोच्च अदालतले हालै गौर काण्डबारे छानबिन गर्न परमादेश जारी गरेलगत्तै जसपा नेपालको नेतृत्व तहदेखि तल्लो संरचनासम्म



आक्रोशित बनेको छ । उनीहरूका अनुसार गौर काण्डको निहुँ बनाई सरकार र विपक्षी शक्तिहरू मिलेर अध्यक्ष यादवलाई कमजोर पार्ने रणनीति अघि बढाइएको छ ।

आन्दोलनको चौथो दिन राजधानी काठमाडौंको सडक पनि जसपा कार्यकर्ताले भरिएको देखियो । समाजवादी महिला संघको अगुवाइमा सिंहदरबार नजिकै भेला भएका कार्यकर्ताले सरकारविरुद्ध कडा नाराबाजी गर्दै प्रदर्शन गरेका छन । उनीहरूका प्लेकार्डमा लेखिएका नाराहरूमा स्पष्ट थियो ( “उपेन्द्र यादवलाई फसाउने षड्यन्त्र बन्द गर”, “न्यायोचित छानबिन गर, राजनीतिक प्रतिशोध बन्द गर”।

महिला संघकी नेतृ सावित्री देवीले भनिन्, “भूमि विधेयकमा अध्यक्ष यादवले देखाएको अडानकै कारण आज उनलाई राजनीतिक खेलको मैदानमा तानिएको हो ।”

### *मधेशमा आक्रोश*

मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि विरोध प्रदर्शनमा भीड उर्लिएको थियो । दलका विभिन्न तहका कार्यकर्ता, युवाहरु र बुद्धिजीवीहरू सडकमा उत्रिए । प्रदर्शनकारीहरूले शहरभर र्‍याली निकाल्दै सरकारविरुद्ध आक्रोश पोखे ।

त्यसैगरी, वीरगंज, सिरहा, सप्तरी, रौतहट लगायत जिल्लामा पनि जसपा समर्थकले एकैपटक विरोध प्रदर्शन गरे। वीरगंजको घण्टाघर चोकमा आयोजित विरोध सभामा स्थानीय नेताहरूले सरकारले गरिरहेको चाललाई ‘नयाँ प्रकारको राजनीतिक प्रतिशोध’ को संज्ञा दिए ।

### *सरकारमाथि आरोप*

जसपा नेपालका कार्यकर्ताले हालको राजनीतिक परिस्थितिसँग गौर काण्डलाई जोडेर बुझ्ने प्रयास गरेका छन् । उनीहरूको भनाइ छ ( भूमि विधेयक संसद्मा प्रस्तुत हुँदा अध्यक्ष यादवले त्यसलाई अस्वीकार गर्दै असहयोग गरेका कारण सरकार र ठूला दलहरूले उनको राजनीतिक जीवनलाई नै खतरामा पार्ने योजना बुनेका छन् ।

सिरहाका एक युवा नेता रामविलास यादवले भने, “यादवजीले आफ्नो समुदायको पक्षमा ठाडो आवाज उठाए । तर

*बाँकी अन्तिम पृष्ठमा*

## बालअधिकार सुनिश्चित गरौं

बालअधिकार:

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार ।

त्यसैले,

- बालश्रम अन्त्य गरौं,
- सबै बालबालिकालाई विद्यालय पु-याऔं,
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं,
- बालमैत्री समाजको निर्माण गरौं,

*“आजका बालबालिका भोलिका कर्णधार”*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# भूमिहीन दलित समुदाय संघीयताको उज्यालो कहिले?

संघीयताको दशक पूरा भइसकेको छ, तर भूमिहीन दलित समुदाय अझै पनि राज्यको छायाँबाहिर जीवन बिताउन बाध्य छन् । जनकपुरधाममा सम्पन्न अन्तरक्रिया कार्यक्रममा प्रस्तुत आवाजहरूले फेरि एकपटक राज्य र समाजलाई ठाडो प्रश्न गरेका छन्–संघीयताको लाभ कुन वर्गले पायो, र कुन वर्ग अझै अँध्यारोमा छाडियो?

मधेश प्रदेशका करिब ४० प्रतिशत दलित अझै भूमिहीन छन् । उनीहरूको घर नदी छेउ, पोखरी किनार वा बाटो छेउका अस्थायी टहरामै सिमित छ । भाडामा बस्दा वा अरूको जग्गामा टहरा हाल्दा कहिले राज्यले नै भत्काइदिन्छ, कहिले सामन्ती मानसिकताका शक्तिशालीले खेदाइदिन्छन् । पीडाको यो चक्र वर्षौंदेखि दोहोरिइरहेको छ, तर समाधानका नाममा राज्यले देखाएको संवेदनशीलता शून्य छ । प्राकृतिक प्रकोप, बाढी, आगलागी वा महामारी–प्रत्येक संकटको पहिलो र ठूलो शिकार यही समुदाय हुन्छ । तर राहत वितरणको सूचीमा उनीहरूको नाम प्रायः हराउँछ । संघीयता र समान अवसरको संविधानिक घोषणाले दलित समुदायको जीवनमा कुनै परिवर्तन ल्याएको छैन । अझै पनि विजुली, स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता आधारभूत अधिकार उनीहरूको लागि सपना जस्तै बनेको छ । मानव अधिकारकर्मीहरूले सही रूपमा औंल्याएझैँ, मधेश प्रदेशमा सबैभन्दा बढी अधिकार उल्लंघन दलित समुदायमाथि हुन्छ । तर यो प्रश्न केवल राज्यसँग मात्र होइन । दलित समुदाय स्वयं संगठित भएर आफ्नो अधिकार माग्नुपर्ने बेला आएको छ । "हाम्रो अधिकार खोई?" भन्ने प्रश्न संस्थागत स्वरूपमा उठाउन सके मात्रै संघीयताको प्रकाश उनीहरूको घरपरिवारसम्म पुग्नेछ ।

यसैबीच, जनप्रतिनिधिहरूको भूमिकामाथि पनि प्रश्न उठ्छ । वडास्तरमै भूमि वितरण प्रक्रिया सुरु गर्ने प्रतिबद्धता सकारात्मक छ, तर यस्ता प्रतिबद्धता चुनावी भाषणमै सीमित नहोस् । लोभलालचमा अल्झिने होइन, अधिकार सुनिश्चित गर्ने व्यवहारिक कदम चाल्न जरुरी छ ।

संघीयता केवल शक्तिको विकेन्द्रिकरण मात्र होइन, न्याय र समावेशीताको अभ्यास पनि हो । तर भूमिहीन दलित समुदायलाई अझै पनि अधिकार र सम्मानका परिधिबाहिर राख्ने हो भने संघीयताको सम्पूर्ण उद्देश्य नै विफल हुन्छ ।

अब समय आएको छ–राज्यले दलित समुदायलाई प्राथमिकतामा राखी भूमि, आवास, शिक्षा र स्वास्थ्यको न्यूनतम ग्यारेन्टी सुनिश्चित गरोस् । कानुन र संविधानमा लेखिएका अधिकारलाई व्यवहारमा उतार्ने हो भने भूमिहीन दलितलाई अब 'भोली'को आश्वासन होइन, 'आजै'को समाधान दिनुपर्छ ।


दलित समुदायलाई राज्यको सेवासुविधाबाट वञ्चित राख्ने परम्परा तोड्ने कार्य राज्यको नैतिक र संवैधानिक दायित्व हो । संघीयता केवल उत्सव मनाउने विषय होइन, सबैभन्दा पछाडि परेका नागरिकलाई अघि बढाउने जिम्मेवारी हो ।

भूमिहीन दलित समुदायलाई आवाज दिने, उनीहरूको आँसु पुछ्ने र जीवनलाई सम्मान दिलाउने काम आजको संघीय गणतन्त्र नेपालको सबैभन्दा ठूलो परीक्षा हो । यदि यो परीक्षा असफल भयो भने संघीयता केवल नारामा सीमित हुनेछ, व्यवहारमा होइन।

# ज्वरोमा हेरचाह गर्ने तरिका

दिपु सिंह तामाङ

ज्वरो भन्नाले शरीरको तापक्रम सामान्य भन्दा बढी हुनु हो। सामान्यतया स्वस्थ व्यक्तिको शरीरको तापक्रम करिब ३६.५ड्डऋ देखि ३७.५ड्डऋ सम्म हुन्छ। जब शरीरको तापक्रम ३८ड्डऋ भन्दा बढी पुग्छ, तब हामी यसलाई ज्वरो भन्छौं। ज्वरो कुनै रोग होइन, तर शरीरमा भएका अन्य समस्याहरूको लक्षण हो। यो प्रायः भाइरस, ब्याक्टेरिया, संक्रमण वा अन्य कारणले हुन्छ। ज्वरो आउँदा शरीरले संक्रमणसँग लडिरहेको संकेत पनि दिन्छ। त्यसैले ज्वरोलाई बेवास्ता नगरी सही तरिकाले हेरचाह गर्नु आवश्यक हुन्छ।



*अब ज्वरोमा हेरचाह गर्ने तरिका विस्तारमा बुझौं:*

*१. शरीरलाई पर्याप्त विश्राम दिनुहोस्*

ज्वरो आउँदा शरीर थकित हुन्छ र ऊर्जा कम हुन्छ। यस्तो अवस्थामा पर्याप्त आराम लिनु अत्यन्तै आवश्यक हुन्छ। बढी हिँडडुल गर्नु, भारी काम गर्नु वा तनाव लिनु ज्वरो बढ्न सक्छ। त्यसैले ओछ्यानमा बसेर आराम गर्नुहोस् र शरीरलाई संक्रमणसँग लड्न समय दिनुहोस्।

*२. प्रशस्त पानी र तरल पदार्थ सेवन गर्नुहोस्*

ज्वरो आउँदा शरीरबाट पसिना धेरै निस्कन्छ र पानीको मात्रा घट्छ। डिहाइड्रेसन (शरीरमा पानीको कमी) भएमा अवस्था झन् गम्भीर हुन सक्छ। त्यसैले दिनभरि पर्याप्त मात्रामा पानी, सुप, जुस, नारिवल पानी, इलेक्ट्रोलाइट ड्रिङ्क (ओआरएस) जस्ता तरल पदार्थ सेवन गर्नुहोस्। योले शरीरलाई हाइड्रेट राख्छ र कमजोरी कम गर्छ।

*३. हल्का र पौष्टिक खाना खानुहोस्*

ज्वरो हुँदा भोक कम लाग्ने वा नलाग्ने पनि हुन सक्छ। तर शरीरलाई ऊर्जा र पोषण चाहिन्छ। त्यसैले सजिलोसँग पच्ने खाना खानुहोस्, जस्तै खिचडी, सुप, दलिया, उमालेको तरकारी, फलफूल आदि। मसालेदार, तारेको र गह्रौं खाना खानु हुँदैन।

*४. कपडामा ध्यान दिनुहोस्*

ज्वरो हुँदा शरीरलाई बढी तातो बनाएर राख्नु उचित होइन। धेरै कपडा ओढ्नु वा बाक्लो कम्बल प्रयोग गर्नुले शरीरको तापक्रम अझै बढाउन सक्छ। त्यसैले हल्का कपडा लगाउनुहोस् र कोठाको तापक्रम सामान्य राख्नुहोस्। यदि चिसो लागिरहेको छ भने हल्का ओढ्ने प्रयोग गर्नुहोस्।

*५. नाप्ने थर्मोमिटर प्रयोग गर्नुहोस्*

ज्वरोको अवस्था बुझ्न समय-समयमा तापक्रम नाप्नु आवश्यक हुन्छ। सामान्य थर्मोमिटर प्रयोग गरेर जाँच्नुहोस्। यदि तापक्रम ३८°C भन्दा बढी छ भने सावधानी अपनाउनुहोस्।

*६. स्पन्जिङ (तातो पानीले पुछ्ने)*

यदि ज्वरो धेरै बढेको छ भने न्यानो पानी (न त धेरै तातो, न धेरै चिसो) मा कपडा भिजाएर शरीर पुछ्नुहोस्। विशेषगरी बगली, काँध, घुँडाको पछाडि र शरीरका प्रमुख भाग पुछ्दा तापक्रम घट्न मद्दत गर्छ।

*७. औषधि समयमै सेवन गर्नुहोस्*

यदि ज्वरो धेरै चढेको छ भने चिकित्सकको सल्लाह अनुसार पारासिटामोल ( एबचबअभतकया) जस्ता ज्वरो घटाउने औषधि लिन सकिन्छ। तर आफैंले धेरै औषधि नखानुहोस्। चिकित्सकले भने अनुसार मात्र औषधि लिनुहोस्।

*८. सरसफाइमा ध्यान दिनुहोस्*

ज्वरो धेरैजसो भाइरस वा ब्याक्टेरियाको कारण हुन्छ। त्यसैले व्यक्तिगत सरसफाइमा ध्यान दिनुहोस्। हात राम्ररी धुनुहोस्, मास्क लगाउनुहोस्, सफा कपडा र ओछ्यान प्रयोग गर्नुहोस्।

*९. आरामदायी वातावरण बनाउनुहोस्*

ज्वरो भएको व्यक्तिलाई शान्त, सफा र हावापानी चल्ने कोठामा राख्नुहोस्। धेरै चिसो वा धेरै तातो वातावरण ज्वरोका लागि हानिकारक हुन्छ।

*१०. कुन अवस्थामा चिकित्सकलाई देखाउनु पर्छ?*

कहिलेकाहीँ सामान्य ज्वरो आफैं ठीक हुन्छ, तर केही अवस्थामा तुरुन्त चिकित्सकलाई देखाउनु पर्छ। जस्तैः

- ज्वरो ३ दिनभन्दा बढी रह्यो भने।
- ४०°C भन्दा बढी तापक्रम भयो भने।
- ज्वरोसँगै सास फेर्न गाह्रो हुनु, टाउको दुखाई, पेट दुखाई, लगातार बान्ता हुनु।
- बालबालिकामा झट्का आउनु।
- बिरामी अत्यन्तै कमजोर हुनु वा चेत हराउनु।

*११. घरमै गर्न सकिने उपायहरू*

- तातो पानीमा नुहाउनु (यदि शरीर धेरै कमजोर छैन भने)। अदुवा चिया, तुलसी पानी, मह र तातो पानी सेवन गर्नु ( घरायसी नुस्खा)।
- हल्का नुन पानीले घाँटी कुल्ला गर्नु (यदि घाँटी दुखिरहेको छ भने)।

*१२. के नगर्ने?*

अत्यधिक चिसो पानी वा बरफले शरीर पुछ्नु।
आफैंले एन्टिबायोटिक औषधि सुरु गर्नु।
धेरै बाक्लो कम्बल ओढ्नु।
खट्टा वा भारी खाना खानु।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।


## आवश्यक टेलिफोन नम्बरहरू

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |
| **प्रहरी कार्यालय** | |
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |

| | |
|---|---|
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |
| **अस्पतालहरू** | |
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |
| **महत्वपूर्ण कार्यालयहरू** | |
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## टाइप-५ मधुमेह :

# दुब्ला-पातला मानिसलाई पनि लाग्ने नयाँ प्रकारको डायबिटीज



काठमाडौं । मधुमेह (डायबिटीज़) केवल तौल बढी भएका मानिसलाई मात्र हुन्छ भन्ने सामान्य धारणा अहिले खण्डित भइरहेको छ। स्वास्थ्य विशेषज्ञहरूका अनुसार, अब दुब्ला-पातला अर्थात् कम बीएमआई (बडी मास इनडेक्स) भएका मानिसहरू पनि मधुमेहको नयाँ प्रकार टाइप-५ बाट प्रभावित भइरहेका छन्।

हालै बैंककमा सम्पन्न 'ग्लोबल डायबिटीज़ सम्मेलन' मा सहभागी चिकित्सकहरूले मोटोपना नभए पनि शरीरमा पर्याप्त मात्रामा इन्सुलिन उत्पादन नहुने अवस्थालाई टाइप-५ मधुमेह का रूपमा वर्गीकरण गर्नुपर्नेमा जोड दिएका थिए।

### *के हो टाइप-५ मधुमेह?*

वेल्लोर क्रिश्चियन मेडिकल कलेजका एन्डोक्राइनोलोजिस्ट प्रा. डा. फेलिक्स जेबासिङका अनुसार, टाइप-२ मधुमेह प्रायः मोटा मानिसमा पाइन्छ जहाँ शरीर इन्सुलिन त बनाउँछ तर त्यसलाई उपयोग गर्ने क्षमता (इन्सुलिन रेजिस्टेन्स) घटिसकेको हुन्छ। तर टाइप-५ मधुमेह भने दुब्ला-पातला, बीएमआई १९ भन्दा कम भएका मानिसहरूमा देखिन्छ, जसमा शरीरले नै पर्याप्त इन्सुलिन उत्पादन गर्न सक्दैन।



उनका अनुसार, टाइप-५ मधुमेहमा इन्सुलिनको इन्जेक्सन भन्दा गोली (ट्याब्लेट) मार्फत रक्तशर्करा नियन्त्रण गर्न सकिन्छ।

### *कसलाई बढी जोखिम?*

- बीएमआई १९ भन्दा कम भएका मानिस
- बाल्यकालदेखि कुपोषणग्रस्त, तौल कम भएका व्यक्ति
- शरीरमा इन्सुलिनको स्तर घटेका बिरामी
- आहारमा विविधताको अभाव भएका समूह

वेल्लोर मेडिकल कलेजको अनुसन्धानले यस्ता मानिसहरूमा टाइप-५ मधुमेह हुने सम्भावना बढी रहेको देखाएको छ।

### *इतिहास र पहिचान*

सन् १९५५ मा जमैकामा गरिएको अध्ययनमार्फत पहिलोपटक कम बीएमआई भएका मानिसहरूमा न टाइप-१ न टाइप-२, बरु छुट्टै प्रकारको मधुमेह देखिएको थियो। पछि यसलाई कुपोषण-सम्बन्धी मधुमेह (Malnutrition–related Diabetes Mellitus M MRDM) नाम दिइएको थियो।

भारत, पाकिस्तान, बंगलादेश, कोरिया, थाइल्यान्ड, नाइजेरिया, इथियोपिया र युगान्डा लगायतका देशमा पनि यस्ता बिरामी पत्ता लागे।

विश्व स्वास्थ्य संगठन (WHO) ले सन् १९८५ मा यसलाई



छुट्टै प्रकारको मधुमेहका रूपमा मान्यता दिएको थियो। तर पर्याप्त प्रमाण नहुँदा सन् १९९९ मा यसलाई सूचीबाट हटाइएको थियो।

### *हालका अनुसन्धान*

वेल्लोर मेडिकल कलेजमा सन् २०२२ मा गरिएको अध्ययनले कम तौल र कुपोषणग्रस्त मानिसमा पाइने मधुमेह न त टाइप-१ हो न टाइप-२, बरु सम्भवतः MRDM को अद्यावधिक रूप भएको पुष्टि गरेको छ।

यो अध्ययनमा ७३ जना भारतीय पुरुष सहभागी भए, जसमा २० जनामा कुपोषणसँग सम्बन्धित मधुमेह भेटियो।

अनुसन्धान टोलीमा भारतका साथै अमेरिकाको न्यूयोर्कस्थित अल्बर्ट आइन्स्टाइन मेडिकल कलेजका विज्ञ मेरिडिथ हकिङ्सलगायत अन्तर्राष्ट्रिय विशेषज्ञहरू संलग्न थिए।

### *सचेतना आवश्यक*

डा. फेलिक्स जेबासिङका अनुसार, दुब्ला-पातला मानिसलाई मधुमेह हुँदैन भन्ने भ्रम तोड्न जरुरी छ। टाइप-१ वा टाइप-२ का लागि प्रयोग हुने सामान्य उपचार यस्ता बिरामीका लागि हानिकारक पनि हुन सक्छ।

"टाइप-५ मधुमेहका बिरामीका लागि छुट्टै उपचार व्यवस्था विकास गर्नु र स्वास्थ्यकर्मी तथा सर्वसाधारणमा जागरूकता बढाउनु अब अत्यावश्यक छ," उनले बीबीसीसँग भने।



bbc.com/hindi बाट

# जनता बहुमुखी क्याम्पसलाई जुट्यो नौ बिघाभन्दा बढी जग्गा

महोत्तरी, ५ भदौ । महोत्तरीको बर्दिबास-१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पस आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीको उच्च शिक्षाको गन्तव्य हो । यहाँ बर्सेनि विद्यार्थी थपिँदै गएका छन्, तर पर्याप्त जग्गा अभावमा क्याम्पसले समस्या खेप्दै आएको छ । पछिल्लो समय भने यहाँ क्याम्पसलाई स्रोतसाधन जुट्दै गएको छ । क्याम्पस प्रशासनले हालै नौ बिघाभन्दा बढी जग्गा प्राप्त भएको जनाएको छ ।

विसं २०६४ मा बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको क्याम्पस पाँच/छ वर्षपछि बर्दिबास-१४ मा छ कट्ठा जग्गामा भवन बनाएर सञ्चालन हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेको यहाँ हाल एक हजार २०० विद्यार्थी छन् । बर्सेनि विद्यार्थी सङ्ख्या बढ्दै गएको पनि क्याम्पसलाई थप भवन बनाउन ठाउँ अभाव भइरहेका बेला यसपालि नौ बिघा एक कट्ठा नौ धुर जग्गा प्राप्त भएका क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमालले जानकारी दिनुभयो ।

उहाँकाअनुसार साबिक २५ नं बहादुरगञ्ज-२ (ङ) को कित्तानम्बर १७ र १८ बाट जग्गा प्राप्त भएको र अब यहाँ थप भवन, खेलमैदान, उद्यान र छात्रावास बनाइने छ । "आवश्यक जग्गा प्राप्त भएको छ, अब स्रोतसाधन र सहयोग जुटाएर थप संरचना बनाउँछौं । त्यसका लागि समन्वय गरिरहेका छौं", अध्यक्ष हमालले भन्नुभयो ।

क्याम्पसलाई बर्दिबास नगरपालिकाको सिफारिसमा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा प्राप्ति सिफारिस समितिको निर्णयले पर्ति जग्गा प्राप्त भएको जनाइएको छ ।




महोत्तरीका बर्दिबास, भङ्गाहा, औरही र गौशाला नगरपालिका एवं धनुषाको मिथिला नगरपालिकाका क्षेत्रबाट यहाँ अध्ययन गर्न आउने गरेका छन् । क्याम्पसमा छात्रभन्दा छात्राको संख्या बढी छ । क्याम्पस प्रमुख सीताराम खड्काले हाल यहाँ कुल विद्यार्थीको ६० प्रतिशत हाराहारी छात्रा रहेको बताउनुभयो ।

क्याम्पसमा हाल वाणिज्य र शिक्षा सङ्कायमा स्नातक तथा शिक्षा सङ्कायमा स्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको पठनपाठन भइरहेको छ । स्नातक तहमा मानविकी सङ्काय र स्नातकोत्तर तहमा वाणिज्यको पठनपाठन स्वीकृतिका लागि पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ । रासस

# मधेश प्रदेशमा लगानी सम्मेलनवारे छलफल सुरु

दैनिक समाचारदाता

जनकपुरधाम, ५ भदौ । मधेश प्रदेश सरकारले आगामी लगानी सम्मेलनका तयारी अघि बढाएको छ। यसै सन्दर्भमा प्रदेश राजधानी जनकपुरधाममा बिहीवार मुख्यमन्त्री सतिशकुमार सिंह, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री वसन्तकुमार कुशवाहा, निति आयोगका सदस्य राजकुमार सिंह र मुख्यमन्त्रीका आर्थिक सल्लाहकार अशोक बैधलगायतको उपस्थितिमा विशेष छलफल भएको छ।

सम्मेलनको मुख्य उद्देश्य प्रदेशका धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र प्राकृतिक स्रोतहरूको परिचय गराउँदै स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्ने, सहकार्य र साझेदारीमा विकासलाई अघि बढाउने, रोजगारी सिर्जना गर्ने र प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी गन्तव्यको रूपमा स्थापित गर्नु रहेको आर्थिक सल्लाहकार बैधले जानकारी दिए।

सम्मेलनमार्फत कृषि, उद्योग, पर्यटन, ऊर्जा, पूर्वाधार, स्वास्थ्य र शिक्षा क्षेत्रका लगानी अवसरहरू प्रस्तुत गरिने तयारी भएको छ। यस्तै, प्रदेशमा आन्तरिक तथा बाह्य लगानी आकर्षित भई स्थानीय युवाहरूका लागि रोजगारी सिर्जना हुने, धार्मिक-सांस्कृतिक सम्पदा संरक्षणसँगै पर्यटन प्रवर्द्धन हुने, कृषि तथा उद्योगमा उत्पादकत्व वृद्धि हुने र आर्थिक आत्मनिर्भरता मजबुत हुने अपेक्षा गरिएको छ।

प्रदेश सरकारका अनुसार लगानी सम्मेलन मधेश प्रदेशको दीगो आर्थिक विकास, सामाजिक समृद्धि र सांस्कृतिक संरक्षणका लागि एक महत्त्वपूर्ण अवसर हुनेछ। यसका लागि प्रदेश सरकार, निजी क्षेत्र, संघीय सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारबीच सहकार्यमा कार्यक्रमलाई सफल बनाउने तयारी भइरहेको छ।

# वर्षा नहुँदा तरकारीको मूल्य अकाशियो

दैनिक समाचारदाता
महोत्तरी ५ भदौ। मधेश प्रदेशमा यस वर्ष पर्याप्त वर्षा नभए पनि तरकारीको मूल्य भने लगातार आकासिँदै गएको छ। साउन महिनायता हरिया तरकारीको भाउ दोब्बरले बढेको छ भने भदौ लागेसँगै मूल्य अझै चुलिएको छ। नजिकिँदै गरेका तीज लगायतका चाडपर्वले माग थपिएको र आपूर्ति घटेकाले मूल्य अझै बढ्न सक्ने व्यापारिहरू बताउँछन्।

बर्दीबासको तरकारी हाटमा परवल प्रतिकिलो ९० रुपियाँ, गोलभेँडा ८० देखि १००, काउली १५० रुपियाँसम्म पुगेको छ। यस्तै, पहाडी आलु ७०, करैला ८०, घिरौला ५०, भिmमनी ४०, पिडालु ६०, हरियो फर्सी ४० रुपियाँ प्रतिकिलो पुगेका छन्। लोकल ओल १५० र भ्यान्टासमेत १०० रुपियाँ पुगेपछि उपभोक्ता आवश्यकभन्दा कम तरकारी किन्न बाध्य छन्।



प्रति किलो हजार रुपियाँ पुगेको हरियो धनियाको पातको मूल्य त यहाँ चर्चाको विषय बनेको छ। बर्दीबासका होटल व्यवसायी नारायण घिमिरेले अप्रत्याशित मूल्यवृद्धिले व्यवसायमै असर परेको गुनासो गर्नुभयो।

महोत्तरी जिल्लाका गौशाला, मटिहानी, धमौरा, भंगाहालगायत क्षेत्रहरू व्यवसायिक तरकारी खेतीका प्रमुख पकेट क्षेत्र हुन्। कृषि ज्ञान केन्द्रका अनुसार यी क्षेत्रमा करिब बाइस हजार ६८० हेक्टरमा तरकारी खेती हुँदै आएको छ। अहिले हिउँदे तरकारी लगाउने समय भएकाले उत्पादनमा कमी आएको जनाइएको छ।

जलेश्वर भन्सार नाका मलिवारास्थित प्लान्ट क्वारेन्टाइनका अनुसार जिल्लामा तरकारी आपूर्ति गर्ने अर्को स्रोत भारतीय उत्पादन पनि हो। आर्थिक वर्ष ०८१/८२ मा भारतबाट चौसट्ठी करोड ३९ लाख ३२ हजार मूल्य बराबरको १८ धरीका दुई हजार ६८३ मेट्रिक टन हरियो तरकारी आयात भएको थियो। क्वारेन्टाइन प्रमुख किशोर यादवका अनुसार वर्षा सुरु भएयता भारतबाट तरकारी आयात ठप्प छ। सीमावर्ती भारतीय बजारलाई पनि नेपाली तरकारीले नै धानेको देखिएको छ। बजार ठेकेदार महेश साहका अनुसार हिले, रामेछाप, भकुण्डवेशीलगायत पहाडी जिल्लाबाट आउने तरकारीले मधेशको माग धानिरहेको छ। ती क्षेत्रमा बाढी-पहिरोले बाटोघाटो बिगारेकाले चर्को ढुवानी खर्चले पनि तरकारीको मूल्य बढेको जनाइएको छ। मधेशमा झरेका पाहाडी तरकारीहरु महोत्तरीको गौशाला बजार हुँदै भारत निर्यात हुने क्रम बढेकोले पनि स्थानीय बजारमा अभाव देखिएको छ।

उत्पादन घटेको, आयात बन्द भएको र ढुवानी खर्च बढेकाले तत्काल तरकारीको मूल्य घटने सम्भावना नरहेको स्थानीय व्यापारीको आँकलन छ। चाडपर्व नजिकिँदै गर्दा मूल्य अझै चुलिन सक्ने सम्भावनाले उपभोक्ता थप मारमा पर्ने देखिएको छ।

# सत्तरी लाख खर्चेर 'डिप बोरिङ'



दैनिक समाचारदाता
सिरहा, ५ भदौ। खडेरीले रोपाइँ गर्न नपाएका किसानको सहायतार्थ गोलबजार नगरपालिका-२ निपनियामा रु ७० लाखको लागतमा डिप बोरिङ गरिएको छ। साथै १० हजार लिटर क्षमताको ट्याङ्की पनि निर्माण गरिएको छ।

कमला सिँचाइ कार्यालययका अनुसार यो बोरिङबाट ७० बिघामा सिँचाइ सेवा उपलब्ध हुनेछ। बुधबारदेखि प्रारम्भ भएको बोरिङ सेवाको पूर्वमन्त्री लीलानाथ श्रेष्ठले उद्घाटन गर्नुभयो। त्यस अवसरमा गोलबजार नगरका प्रमुख श्यामकुमार श्रेष्ठले हालसम्म नगरमछ वटा डिप बोरिङ खनिएको जानकारी दिनुभयो।

# विद्यालय शिक्षा विधेयक पारित

दैनिक समाचारदाता
काठमाडौँ ५ भदौ। विद्यालय शिक्षा विधेयक संसदीय समितिबाट पारित भएको छ। प्रतिनिधिसभा अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि समितिको बिहीबार बसेको बैठकले उक्त विधेयक पारित गरेको हो।

तर, विधेयकमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले फरक मत राखेका छन्। विधेयकमा माओवादी केन्द्रका सांसदहरू पूर्वमन्त्री देवेन्द्र पौडेल, रेखा शर्मा, महेन्द्र राय यादव र सांसद ज्ञानु बस्नेतले संयुक्त रूपमा फरक मत राखेका हुन्।उनीहरूको ५ बुँदे फरक मतमा सार्वजनिक विद्यालय शिक्षाको सुधारका लागि राज्यकोषबाट पारिश्रमिक प्राप्त गर्ने सबै राष्ट्रसेवक तथा जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रूपमा सार्वजनिक विद्यालयमा पढाउनुपर्ने उल्लेख गर्न माग गरिएको छ।

# भूमि सम्बन्धी संशोधन विधेयकको प्रतिवेदन समितिबाट पारित

दैनिक समाचारदाता
काठमाडौँ ५ भदौ। प्रतिनिधिसभा अन्तर्गत कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा सांसदहरूले समितिबाट विधेयक तत्काल पारित नगर्न माग गर्दै थप छलफल जरुरी रहेको आवश्यकता औँल्याउनुभयो।



भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको अन्तिम प्रतिवेदन समितिबाट बहुमतले पारित भएको छ।

सिंहदरबारमा आज बसेको समितिको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारीले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने प्रावधान विधेयकमा समेटिएको बताउनुभयो।

मन्त्री अधिकारीले वन मन्त्रालयसँगको समन्वयमा वन तथा निकुञ्ज क्षेत्रबाट विस्थापित भएकाहरूलाई विधेयकले सुविधा दिने व्यवस्था गरिएको प्रष्ट पार्नुभयो। बैठकमा केही सांसदहरूले भने विधेयकलाई सभामा पठाएर विस्तृत छलफल अघि बढाउनुपर्नेमा जोड दिनुभयो। त्यस क्रममा केही सांसदहरूले प्रतिवेदनमा हस्ताक्षर नगरी बैठकबाट बाहिरिनुभयो।

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल टेलिकमबीच सम्झौता



दैनिक समाचारदाता
काठमाडौँ, ५ भदौ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निवृत्तिभरण खाता, तलबी बचत खाता तथा पेसाकर्मी सरल कर्जा सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। नेपाल टेलिकमको प्रधान कार्यालयमा आज आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको हो। नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गर्नुभयो। "वाणिज्य बैंकले नेपाल टेलिकमका सेवानिवृत्त कर्मचारीका लागि पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीका लागि तलबी बचत खाता, पेसाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ", सम्झौतापत्रमा उल्लेख छ। विसं २०२२ माघ १० गते स्थापना भएको वाणिज्य बैंकले हाल ७७ वटै जिल्लामा रहेका तीन सय १० वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ। बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिनुभयो।

# प्रधानमन्त्री ओलीविरुद्ध विश्वासको मतको रिट

दैनिक समाचारदाता
काठमाडौँ ५ भदौ। प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिनुपर्ने आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

अधिवक्ता विरेन्द्र केसीले बिहीबार सर्वोच्च अदालतमा यस्तो रिट निवेदन दर्ता गरेका हुन्। जनता समाजवादी पार्टी, नेपालले ३२ असार, २०८२ मा सरकारलाई दिएको समर्थन फिर्ता लिने घोषणा गर्दै समर्थन फिर्ता लिएको थियो।



केसीले प्रधानमन्त्री ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे, सङ्घीय संसद् सचिवालय र राष्ट्रपति कार्यालय शीतल निवासलाई विपक्षी बनाएर रिट निवेदन दिएका हुन्।

## देशभर फैलिँदै.......

ठूला दललाई यो कुरा मन परेन। त्यसैले गौर काण्ड पुनः खोल्ने नाममा उनीविरुद्ध राजनीतिक खिचातानी भइरहेको छ।"

राष्ट्रिय राजनीतिक चर्चा

यो विषय केवल जसपा वा मधेश प्रदेशमै सीमित रहेन। अहिले काठमाडौँमा हुने प्रत्येक राजनीतिक छलफलमा उपेन्द्र यादवलाई फसाउन खोजिएको हो कि होइन भन्ने प्रश्न उठ्न थालेको छ। प्रमुख दलहरूबीच पनि यसबारे मतभेद देखिएको छ।

सत्तापक्ष नजिक रहेका नेताहरूले "न्यायिक प्रक्रिया अघि बढ्नुमा केही गलत छैन" भन्ने तर्क गरेका छन् भने प्रतिपक्ष र स्वतन्त्र विश्लेषकहरूले "छानबिनको नाममा एक व्यक्तिलाई लक्षित गरेर राजनीतिक असन्तुलन सिर्जना गर्ने प्रयास" भएको आरोप लगाएका छन्।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४